म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ११ शुक्रबार २५ साउन २०८१ ने. सं. ११४४ गुँलाथ्व 9 August 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मकवानपुरगढीमा महायज्ञको तयारी पूरा

हेटौंडा, २४ साउन/मकवानपुरगढी गाउँपालिका-५ सिमलटारमा साउन २५ गतेबाट सुरुहुने भनिएको श्रीमद्भागवत ज्ञानमहायज्ञको तयारी पूरा भएको बताइएको छ । महायज्ञ मूलआयोजक समितिका अध्यक्ष नेत्रप्रसाद घिमिरेका अनुसार महायज्ञको तयारी करिब पूरा भएको बताए । युवा पण्डित कपिलदेव भट्टको मुखारविन्दबाट कथावाचन हुने अध्यक्ष घिमिरेले बताए । जलेश्वर महादेव मन्दिरको पञ्चमुखि शिवलिङ्ग स्थापना तथा बुद्ध मूर्ति निर्माणकार्यका लागि महायज्ञ आयोजना गरिएको अध्यक्ष घिमिरेले बताए । हिन्दुधर्मावलम्बी र बौद्ध धर्मावलम्बीको भगवान महादेव र गौतम बुद्धको पूजाआजा गर्ने स्थान एकै क्षेत्रमा रहोस् भन्ने साझा उद्देश्यका साथ महायज्ञको आयोजना गरिएको घिमिरेले बताए । हामीले विभिन्न उपसमिति गठन गरेका छौं, सोहीअनुरुप महायज्ञको तयारीमा जुट्यौं, अध्यक्ष घिमिरेले भने । २५ गते विहान ८ बजे कलशयात्रा गर्दै १२ बजे उद्घाटन कार्यक्रम राखेका छौं । महायज्ञ भदौ १ गते समापन हुने जनाइएको छ । महायज्ञको उद्घाटन प्रतिनिधिसभा क्षेत्र १ का सदस्य महेशकुमार बर्तौलाले गर्ने कार्यतालिका रहेको आयोजकले जनाएको छ ।

# विषालु च्याउको 'हटस्पट' मकवानपुर, रोकथाममा चासो न्यून

प्रतिक्षा न्यौपाने

हेटौंडा, २४ साउन/ गतआर्थिक वर्ष २०८०/८१ को असारमा मात्रै विषालु च्याउ सेवनबाट मकवानपुरका ४ जनाको ज्यान गयो । यही कारणले २२ जना बिरामी परेर अस्पताल भर्ना भए ।

राक्सिराङ गाउँपालिकामा एकै परिवारका पाँचजनाले विषालु च्याउ तरकारी बनाएर खाँदा घरको अभिभावक ४५ वर्षीय दलबहादुर चेपाङले ज्यान गुमाएका थिए । मृत्युहुने अन्य तीनजना कैलाश गाउँपालिका र भीमफेदी गाउँपालिकाबासी हुन् । मकवानपुरमा हरेक वर्ष विषालु च्याउको सेवनबाट बढी घटना हुने गरेको छ । जंगली च्याउका विषयमा अध्ययन, अनुसन्धान गर्दै आएका अनुसन्धाताको जानकारी अनुसार नेपालमा मकवानपुरसहित ६ जिल्ला विषालु च्याउको 'हटस्पट'को रुपमा परिचित छ ।



प्रभावित क्षेत्र कैलाश गाउँपालिकामा बुधबार आयोजित नेपालमा पाइने विषालु जंगली च्याउको पहिचान र यसबाट बच्ने उपायसम्बन्धी अभिमुखीकरणमा सहभागी स्थानीय । तस्वीर: लक्ष्मण घिमिरे-जनस्वास्थ्य अधिकृत

मकवानपुरमा बिषालु च्याउका कारण मानबीय क्षति बढी मात्रामा हुने गरेको राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्लका अनुसार टोलटोलमा बिषालु च्याउको फोटोसहित जनचेतनाका बोर्ड राख्ने तयारी भइरहेको छ । जंगली च्याउको तरकारी खानु चेपाङ, तामाङ परिवारको बाध्यता पनि हो ।' तीनै तहका सरकारसँग विषालु च्याउले निम्त्याएको घटनाको यकिन तथ्यांक छैन । स्थानीय सरकारको रुपमा काम गरिरहेको कैलाश गाउँपालिका उपाध्यक्ष बालकुमार मल्ल भन्छन्- 'बिषालु च्याउ चिन्ने तरिकाको बारेमा पुराना पुस्ताले नयाँ पुस्तालाई ज्ञान हस्तान्तरण गर्न सकेको छैन ।'

विषालु च्याउले वर्षेनी सर्वसाधारणको ज्यान गइरहेन पनि बल्ल यसको रोकथाम बारे मकवानपुरमा चासो हुन थालेको छ । गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठानको प्राविधिक टिमले जनस्वास्थ्य कार्यालयसँगको समन्वयमा पहिलोपटक मकवानपुरको प्रभावित क्षेत्रमा अभिमुखीकरण गरेको छ । कैलाश गाउँपालिकाको नामटारस्थित स्वास्थ्यचौकी र भीमफेदी गाउँपालिकाको केन्द्रमा सर्वसाधारण र सरोकारवालालाई विषालु जंगली च्याउको पहिचान गर्ने तरिका र यसबाट बच्ने बिधिका बारेका अभिमुखीकरण गरेको हो ।

राक्सिराङ, कैलाश, मनहरी गाउँपालिकामा सीमान्तकृत चेपाङ समुदायको बसोबास छ । छाक टार्नकै लागि च्याउ, वन तरुल, कन्दमूल, गिट्ठा भ्याकुरलगायत जंगलमा आश्रित खानेकुरा खाने गरेको राक्सिराङ गाउँपालिका अध्यक्ष मल्ल बताउँछन् ।

गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान, पोखराले गरेको अध्ययनमा पूर्वको इलाम, मध्यभागको मकवानपुर र चितवन, पश्चिमको पाल्पा, गुल्मी र अर्घाखाँची, दाङ र सल्यानलाई विषालु च्याउको 'हटस्पट' को रुपमा पहिचान गरेको हो । यी जिल्लामा विषालु च्याउको सेवनबाट बढी मानवीय क्षति भएको प्रतिष्ठानका वैज्ञानिक डा. शिव देवकोटाले जानकारी दिएका छन् । जंगली च्याउ सबै बिषालु भने छैनन् । हालै जुम्लामा फेला परेको एक प्रकारको च्याउको बीउ प्रयोगशालामा उत्पादन गर्न सफलता मिलेको छ, जुन च्याउको मूल्य अन्तर्राष्ट्रिय बजारमा प्रतिकेजी ७० हजार रुपैयाँसम्म पर्छ ।

असार २०६९ मा चितवनको चेपाङ समुदायमा विषालु च्याउको सेवनले एकै परिवारका ८ जनाको मृत्यु भएको थियो । चेपाङ परिवारमा एक बालिका मात्रै जीवित रहेको देवकोटाले स्मरण गरे । उनकै भनाईअनुसार जंगली च्याउले परिवार नै सखाप पार्नेसम्मका संवेदनशील घटना भइरहँदा पनि राज्यले यसको रोकथाममा कुनै कदम अगाडि बढाएको छैन । वैज्ञानिक देवकोटाका अनुसार देशभर सरदरमा वार्षिक ३० देखि ३५ जनाले विषालु च्याउको कारण ज्यान गुमाउने गरेका छन् ।

जनस्वास्थ्य कार्यालय मकवानपुरसँग पनि अघिल्ला वर्षमा विषालु च्याउ खाँदा ज्यान गुमाएका वा बिरामी भएकाहरुको तथ्यांक छैन । मकवानपुरमा मात्र नभई देशभर नै विषालु च्याउले निम्त्याएको घटनाबारे सरकारसँग तथ्यांक नभएको वैज्ञानिक देवकोटा बताउँछन् । उनले घटना भएपछि सोही ठाउँमा पुगेर आफूले अध्ययन, अनुसन्धान गर्दै आएको बताए । गत असारमा ४ जनाले ज्यान गुमाएपछि उनी मकवानपुर आएका थिए ।

जनस्वास्थ्य कार्यालय मकवानपुरसँग अघिल्ला वर्षमा विषालु च्याउ खाँदा ज्यान गुमाएका वा बिरामीको तथ्यांक छैन । विषालु च्याउलाई तरकारी बनाएर खाँदा हरेकवर्ष सर्वसाधारणले ज्यान गुमाइरहेको विषयमा सरकारी स्वास्थ्य संस्थाहरु तथ्यांकविहीन मात्रै छैनन्, यसको रोकथामका लागि प्रयाससमेत गरेका छैनन् । जनस्वास्थ्य कार्यालय मकवानपुरका जनस्वास्थ्य अधिकृत लक्ष्मण घिमिरेले विगतमा विषालु च्याउले निम्त्याएको घटनाबारे कुनै तथ्यांक नभएको र यसको अभिमुखीकरण पनि हुन नसकेको स्वीकार्छन् ।

यसको उपचारबारे पनि कतिपयलाई थाहा नभएकोले मानवीय क्षति बढी भएको ६५ जिल्ला पुगेर च्याउ बारे अध्ययन गरेका वैज्ञानिक देवकोटाको दाबी छ । च्याउ खाएपछि ६ घण्टासम्म कुनै असर नगर्ने र त्यसपछि क्रमश: वान्ता हुने, झाडापखाला लाग्ने, पेट दुख्नेलगायतका स्वास्थ्य समस्या देखिने गरेको छ ।

बिष नभएको चेपानगाइना च्याउ भनेर, हेर्दा उस्तै देखिने भिरोसा र सिटरिना नामक विषालु च्याउको सेवनले मानिसको मृत्यु बढाइरहेको देवकोटाले बताए । सर्वसाधारणलाई राज्यले पहिलो तहमै च्याउको पहिचान गर्न र यसको उपचार बारे सचेतना गराउनुपर्ने देवकोटाको भनाई छ ।

# बागमतीमा लम्पी स्किन रोगविरुद्धको खोप अभियान

साझाकुरा संवाददाता

हेटौंडा, २४ साउन/ बागमती प्रदेश सरकारले भोलि शुक्रबारबाट प्रदेशभर लम्पी स्किन रोगविरुद्ध सप्ताहव्यापी रुपमा खोप अभियान सञ्चालन गर्ने भएको छ ।

लम्पी स्किन रोग न्यूनीकरणका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयले शुक्रबारदेखि श्रावण ३० गतेसम्म प्रदेशका १३ वटै जिल्लामा यो अभियान सञ्चालन गर्न लागेको हो । यस वर्ष ७६ हजार २ सय ७५ वटा भ्याक्सिन लगाउने लक्ष्य लिइएको मन्त्रालयले जनाएको छ ।

अघिल्लो आर्थिक वर्षमा खोप अभियानमार्फत ४८ हजार ३ सय ६४ पशुलाई खोप लगाइएको थियो ।

गाई भैसीमा यस रोगपश्चात उच्चज्वरो आउने, शरीरका विभिन्न ठाउँमा गिर्खाहरु देखिने, जोर्नी र खुट्टा सुन्निने र हिड्न गार्हो हुने, थुनेलो देखिने, दुध उत्पादन ८० प्रतिशतसम्म घट्ने लगायत लक्षणहरु देखापर्ने हुन्छन् । वि.सं. २०७७ साल असारमा प्रथमपटक नेपालमा यो रोग प्रमाणित भएको र हालसम्म ७७ वटै जिल्लामा देखापरिसकेको छ ।

नेपालमा यो रोगले ७५ अर्ब ४८ करोडसम्मको आर्थिक क्षति भएको अनुमान गरिएको छ । कार्यक्रममा कृषि तथा पशुपन्छी विकास मन्त्री प्रकाश श्रेष्ठले यस रोगको नियन्त्रणबाट हुनसक्ने क्षतिलाई मध्यनजर गर्दै पूर्वतयारीका रुपमा खोप अभियान सञ्चालन गर्न लागिएको बताए ।

# थाहामा पुन:राष्ट्रिय परिचयपत्र विवरण दर्ता शिविर गरिँदै

साझाकुरा संवाददाता

हेटौंडा, २४ साउन/ जिल्ला प्रशासन कार्यालय मकवानपुरले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने वृद्धवृद्धा र अपांगता भएका लाभग्राही लक्षित राष्ट्रिय परिचयपत्र विवरण दर्ता विशेष शिविर पुन: सञ्चालन गर्ने भएको छ ।

२३ साउनमा एक सूचना जारी गर्दै थाहा नगरपालिकाले थाहा नगरको कार्यालयमा दुईदिन साउन २७ र २८ मा शिविर संचालन गर्ने जानकारी दिएको हो । राष्ट्रिय परिचयपत्रको विवरण दर्ता गराउन जिल्ला प्रशासन कार्यालयमा वृद्धवृद्धा र अपांगता भएकाहरु भीड लाग्न थालेपछि प्रशासन कार्यालयले सेवाग्राहीको सहजताका लागि पालिकाको केन्द्रमा परिचयपत्रको विवरण दर्ता गर्ने टोली खटाउने निर्णय गरेको हो । पालिकाको केन्द्रमा राष्ट्रिय परिचयपत्र विवरण दर्ता शिविर सामाजिक सुरक्षाभत्ताको लाभग्राहीलाई केन्द्रित गरी सञ्चालन गरिएको प्रशासकीय अधिकृत सरोज पौडेलले बताए ।


## ई-रिक्साको पुरानो सामान बिक्रीसम्बन्धी जरुरी सूचना

ई-रिक्सा (मयुरी) को पुराना पार्टपुर्जाहरु टायर, डिक्स, मोटर, चार्जरलगायत विभिन्न सामानहरु बिक्रीमा रहेकोले खरिद गर्न इच्छुकहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

५०% बैंकिङ सुविधा


सम्पर्क: भेष खड्गी
९८५५०६८८७३, ९८४५४५७५०७

## सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम



Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३




## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरु:
- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपुर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्क: ९८४५१७७०४१५, ९८१७८२४६१४, ९८४५२२७०५७

साझाकुरा

## हाम्रो कुरा

# बागमतीको राम्रो शैक्षिक गुणस्तर

गत शुक्रबार राष्ट्रिय परीक्षा बोर्डले सार्वजनिक गरेको कक्षा १२ को नतिजामा बागमती प्रदेशबाट ९९ हजार ८७२ जना परीक्षार्थीमध्ये ३३ हजार ८४३ जना अनुत्तीर्ण भए । समग्र सातै प्रदेशको तुलनामा बागमतीको परिणाम राम्रै देखिएको छ । सुदूरपश्चिम प्रदेश सबैभन्दा कमजोर देखिएको छ । परीक्षा दिएकामध्ये ६० प्रतिशत विद्यार्थीको नतिजा 'नन ग्रेडेड' (एनजी) आएको छ । सुदूरपश्चिम प्रदेशबाट ३५ हजार ६२८ जनाले १२ कक्षाको परीक्षा दिएकोमा १४ हजार ४६ जनामात्रै पास भएका छन् । २१ हजार ५८२ जना अर्थात् ६०.५७ प्रतिशत विद्यार्थीको नतिजा 'एनजी' आएको हो । बोर्डको तथ्यांक अनुसार सुदूरपश्चिमबाट ३.६ देखि ४.० जीपीए ल्याउने विद्यार्थी संख्या १२१ जनामात्रै छ । जबकि देशभरबाट ९ हजार ५९१ विद्यार्थीले ४.० जीपीए ल्याएका छन् । ३.६१ देखि ४.० जीपीए सबैभन्दा कम कर्णाली देखिएको छ । कर्णालीबाट २४ जनाले मात्रै ३.६१ देखि ४.० जीपीए ल्याएका छन् ।

कर्णालीमा परीक्षा दिने विद्यार्थी नै कम भएकाले जीपीए कम देखिएको हो । त्यसपछि मधेस प्रदेशमा २५० जना, गण्डकी प्रदेशमा ५४४ जना, कोशी प्रदेशमा ८५६ जना, लुम्बिनी प्रदेशमा १०४४ जना र सबैभन्दा बढी बागमती प्रदेशबाट ६ हजार ७५२ जनाले ३.६१ देखि ४.० जीपीए ल्याएका छन् । यसअघि कक्षा १० को नतिजामा सुदूरपश्चिम सबैभन्दा कमजोर देखिएको थियो । परीक्षा दिएकामध्ये ३१ प्रतिशतले मात्रै ग्रेड प्राप्त गरेका थिए । १२ कक्षाको नतिजामा ५२.९१ प्रतिशत विद्यार्थीमात्रै पास भएका छन् भने ४७.१ प्रतिशत विद्यार्थी फेल भएका छन् । कक्षा १२ मा तीन लाख ९० हजार ६ जनाले परीक्षा दिएकोमा दुई लाख तीन हजार ८४७ जना पास भएका छन् भने एक लाख ८७ हजार २१ जनाको नतिजा एनजी आएको छ । सुदूरपश्चिमपछि शिक्षण सिकाइमा कर्णाली कमजोर देखिएको छ । कर्णालीमा परीक्षा दिएकामध्ये ५९.२४ प्रतिशत विद्यार्थी फेल भएका छन् । कर्णालीमा २५ हजार ९२० जनाले परीक्षा दिएकोमा १५ हजार ३५७ जना फेल भएका हुन् । कोशीमा परीक्षा दिएकामध्ये ५५.६१ प्रतिशत फेल भएका छन् । त्यसपछि मधेशमा ५३.७४ प्रतिशत, लुम्बिनी प्रदेशमा ५२.२४ प्रतिशत, गण्डकीमा ४६.१९ र बागमतीमा ३२.८१ प्रतिशत फेल भएका छन् । बागमतीमा एक लाख १६ हजार २६२ विद्यार्थी परीक्षामा सहभागी भएकोमा ७८ हजार ११६ जना पास भएका छन् । कक्षा १२ मा तीन लाख ९० हजार ६ जनाले परीक्षा दिएकोमा दुई लाख तीन हजार ८४७ जना पास भएका छन् भने एक लाख ८७ हजार २१ जनाको नतिजा एनजी आएको छ ।

गत असार १३ गते सार्वजनिक गरिएको माध्यमिक शिक्षा परीक्षाको नतिजामा पनि सुदूरपश्चिम प्रदेशको नतिजा निकै कमजोर देखिएको हो । नतिजाअनुसार कोशी प्रदेशबाट सहभागी कुल ७५ हजार ९८८ परीक्षार्थीमध्ये ३९ हजार ८९५ जना परीक्षार्थी अनुत्तीर्ण भएका थिए । मधेश प्रदेशबाट कुल ७९ हजार ५९२ परीक्षार्थीमध्ये ४२ हजार २८६ जना अनुत्तीर्ण भए । गण्डकी प्रदेशबाट कुल ४० हजार ५२६ जना परीक्षार्थीमध्ये २० हजार २७५ जना, लुम्बिनीबाट ८० हजार ३२७ जना परीक्षार्थीमध्ये ४९ हजार २२४ जना फेल भए । कर्णालीबाट ३५ हजार ३४ जना परीक्षार्थीमध्ये २० हजार ३८० जना र सुदूरपश्चिमबाट ५३ हजार ४४६ जनामध्ये ३६ हजार ४१० जना अनुत्तीर्ण भए । एसईईको नतिजामा ३.६० देखि ४.० जीपीए ल्याउने विद्यार्थीमा प्रदेशगतरुपमा सुदूरपश्चिम र कर्णाली कमजोर देखिएका छन् । कर्णालीबाट ४४१ जनाले मात्रै ३.६० देखि ४.० जीपीए ल्याएका थिए । सुदूर पश्चिमबाट ७९०, लुम्बिनीबाट तीन हजार २९०, गण्डकीबाट दुई हजार ९६९, बागमतीबाट १५ हजार ७६६, मधेस प्रदेशबाट तीन हजार ९५७ र कोशी प्रदेशबाट तीन हजार ९९६ जनाले ३.६० देखि ४.० जीपीए ल्याएका थिए ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ साउन २६ गते शनिबार १० अगष्ट २०२४ । चतुर्दशी, श्रावण शुक्लपक्ष । गुँलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:२९, सूर्यास्त ६:५० ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : रमाइलो यात्रा हुनेछ | **तुला** | : धार्मिक आस्था बढ्नेछ |
| **वृष** | : धन कमाउने योग परेको छ | **वृश्चिक** | : कल्याणकारी कार्यको अवसर |
| **मिथुन** | : पश्चात्ताप लाग्नेछ | **धनु** | : अधिक परिश्रम गर्नु पर्नेछ |
| **कर्कट** | : शारीरिक आलस्यता बढ्नेछ | **मकर** | : मेहनतको फल पाइनेछ |
| **सिंह** | : सकारात्मक सोचाइ रहनेछ | **कुम्भ** | : कार्यभार र व्यस्तता बढ्नेछ |
| **कन्या** | : दया मायाका कार्य हुनेछन् | **मीन** | : व्यापार-व्यवसाय सामान्य रहनेछ |

# नेपालमा मार्क्सवाद, किन्सवाद वा संविधान



✍ वैकुण्ठ पाण्डे

इङ्ल्यान्डका प्रसिद्ध अर्थशास्त्री जे एम किन्स र जर्मनीका प्रसिद्ध दार्शनिक कार्ल मार्क्सको नाम सम्भवत: धेरैले सुनेका नाम हुन । जेएम किन्स मिश्रित अर्थव्यवस्थाका प्रवर्तक थिए भने कार्ल मार्क्स समाजवादी वा साम्यवादी अर्थराजनीतिका संस्थापक थिए । जेएम किन्स सन् १८८३ मा इङ्ल्यान्डमा जन्मिएका थिए र सन् १९४६ मा उनको मृत्यु भयो ।

कार्ल मार्क्सको जन्म सन् १८१८ मा प्रसिया (हाल जर्मनी) मा भएको थियो भने सन् १८८३ मा उनको मृत्यु इङ्ल्यान्डमा भयो । यहाँ अचम्मको संयोग के देखियो भने, कार्ल मार्क्सको मृत्यु भएकै साल किन्सको जन्म हुन पुग्यो । महिना भने फरक छ । मार्क्सको मृत्यु मार्च १४ मा भएको हो भने किन्सको जन्म जुन ५ मा । एकजनाको मृत्यु र अर्को एकजनाको जन्म एउटै देशमा तर फरक शहरमा भएको थियो । अध्यात्म विज्ञानको हिसाबले किन्सलाई मार्क्सको नयाँ रुप पनि भन्ने गरिन्छ । मार्क्सको देहावसान भएको केही दिनपछि किन्सको जन्म भएको थियो । दुवैजना अद्भुत क्षमताका धनी मानिन्छन् ।

आफ्नो जीवनमा मार्क्सले गर्न नभ्याएका कामहरु किन्सले पूरा गरेको देखिन्छ । मार्क्सको प्रसिद्ध पुस्तक दास क्यापिटल (१८६७) हो भने किन्सको प्रसिद्ध पुस्तक रोजगार सिद्धान्त (१९३६) हो । मार्क्सले औद्योगिक क्रान्तिपछि युरोपमा विकसित समाज र त्यसले निर्माण गरेको उत्पादन सम्बन्धलाई लिएर मजदुर वर्गमाथि व्यापकरुपमा अमानवीय शोषण भएको कुरालाई विषयवस्तु बनाई दास क्यापिटलमार्फत आफ्नो विचार संसारलाई प्रवाहित गरे ।

त्यसपछि उनको यो अभियानको उत्कर्षको रुपमा साम्यवादी अर्थव्यवस्थाको सैद्धान्तिक खाका विकास भयो । अर्कोतर्फ क्लासिकल अर्थशास्त्रले अगाडि सारेका गलत मान्यताहरुको कारण पुँजीवाद विकृत हुँदै गएको हुँदा संसारलाई पुँजीवादी संकटबाट जोगाउन अति आवश्यक भयो । मार्क्सले भनेजस्तो शोषणका स्वरुपहरु समाजमा नरहेको बरु नियन्त्रित अर्थ व्यवस्थाका कारण साधनहरुको कुशलतम प्रयोग र वितरणमा संकुचन देखा परिराखेको हुँदा मानव समाजले उन्मुक्त र उन्नत जीवनको अनुभव गर्न नपाएको हुँदा समाजवादी अवधारणमा पनि केही सुधार गर्दै जानु वाञ्छनीय छ भनी मिश्रित अर्थतन्त्रको मोडल संसारलाई दिए र यो अभियानलाई उचाइमा पुऱ्याए । अत: यी दुवैजना विद्वान्ले संसारलाई एक-एकवटा विशिष्ट मोडलहरु दिएका छन् । ती मोडलहरुलाई आ-आफ्नो देशको विशिष्टताका आधारमा कसरी लागू गर्ने भन्ने कुरा प्रत्येक देशको चयन र रुचिमा भर पर्ने कुरा हो ।

**तुलनात्मक विश्लेषण :**

मार्क्सवादी अर्थनीति बहुसंख्यक किसान, मजदुर र उत्पीडित वर्गको उत्थानको नीम्ति नै बनाइएको हो । तर यसका प्रमुख चुनौतीहरु धेरै छन् । एउटा मुख्य चुनौती भनेको राजनीतिकरुपमा पुँजीवादी व्यवस्थाको विरुद्ध लड्नु र विजय प्राप्त गर्नु हो । यो वर्ग संघर्षको उच्चतम अवस्था हो, जसले सशस्त्र युद्धको समेत माग गर्दछ । हजारौं, लाखौं जनताको रगतको मूल्यसँग व्यवस्था साट्नु निकै कष्टपूर्ण र असम्भव प्राय: दुस्साहस हो । अर्को चुनौती भनेको मानव स्वभावको विरुद्धको युद्ध जित्न अति कठिन हुनु । मानौं मार्क्सवादी विचारले लेस सशस्त्र वर्ग युद्धमा उनीहरुलाई विजय प्राप्त भयो । अव के त (सो हवाट) ? व्यवस्था परिवर्तन भए पनि आउनुपर्ने चिज नआएपछि कुर्बानीको अर्थ के त ? सम्पत्ति, सुखभोग, नातागोता, शान, सौकातजस्ता मानव स्वभाव हुन् ।

यी स्वाभाविक मानवीय स्वभावमाथिको विजय असम्भव हुने नै भयो, र भयो त्यस्तै । विचारको स्वतन्त्रता, धार्मिक तथा सांस्कृतिक स्वतन्त्रता, असहमति प्रकट गर्ने अवसर, मानवीय सहयोग र सामाजिक भावनाले सेवा गर्ने व्यक्तिगतको लालसाजस्ता कुराहरुमा खुकुलो नहुनुको कारण मार्क्सवादी अर्थनीतिलाई लागू गर्ने काममा कठिनाइ हुन्छ । मानिसले आफ्नो पुर्ख्यौली सम्पत्ति वा आफूले कमाएको धन, पैसा समाज वा राज्यलाई अर्पण गर्न त्यति सजिलो छैन । तेस्रो समस्या भनेको न्यून पुँजीवादी संस्कार बाट ग्रसित दोगला मानसिकता भएका राजनीतिक नेतृत्व । यस्तो अवस्थामा नेतागण, काबिला नेताको रुपमा एउटा सरदार भएर देखा पर्दछन् । जुन वर्गको उत्थानका खातिर लड्ने भनिएको हो, तिनै वर्गको भोटबाट सत्तामा पुग्ने अनि सर दार गिरी गर्ने । बिचौलियाहरुसँग साँठगाँठ गर्ने, पैसा कमाउने । राष्ट्रघात गर्ने, पैसा कमाउने । आफ्नो वरिपरि आफ्नै खास मानिस राख्नुपर्ने कारण पनि त्यही हो । किनभने उनीहरु गलत मार्गमा लागिसके, उनीहरु अब परिवारभन्दा बाहिरका मान्छे सचिवालयमा राखेर आफ्ना कुटिलताका साक्षी अरुलाई बन्द दिने कुरो भएन ।

अत: अत्यन्त व्यक्तिवादी पाराले समाजवादी क्रान्ति कार्ल मार्क्सले भनेजस्तै पूरा हुँदैन । तर पनि उनीहरु समाजवाददेखि साम्यवादसम्मका पुग्ने रोडम्याप बनाएर बसेकै हुन्छन् । किनभने अझ पनि त्यो रोडम्याप लागू भयो भने देश स्वीट्जरल्यान्ड नै बन्छ भन्ने विश्वासमा धेरै मानिस बसेका छन् । कार्ल मार्क्सले नेताजीहरुलाई बहुत ठूलो गुन लगाएका छन् । त्यो के भने, उनकै कारण यति धेरै सत्ता र सुविधा लिन पाइएको छ र जे-जस्ता अपराध गरे तापनि पाप लाग्दैन भनिदिएका छन् । धर्म भन्ने केही होइन, स्वर्ग-नर्क सब वाहियात कुरा हुन् भनिदिएपछि आजाद पक्षीजस्तै लुटको आकाशमा वेगवान् हुन कसले रोक्ने ? जनावर स्वरुप मानवलाई रोक्ने भनेकै धर्म र कानुनले हो । कानुन र न्यायालय आफू अनुकूल बनायो, भगवान् त हावा कुरा भनेर मार्क्स गुरुले भन्दिएकै छन्, क्या बात् ! अब नियन्त्रणकारी निकाय वा संयन्त्रको आवश्यकता नै रहेन ।

जेएम किन्सले के गरे भने, पुँजीवाद र समाजवादी आर्थिक मोडलका सुन्दर पक्षहरुलाई समावेश गरे अनि मिश्रित मोडल बनाए । आर्थिकरुपले पुँजीवादको राम्रो कुरा- प्रतिस्पर्धा र आविष्कार हो भने मानव गुणको हिसाबले स्वतन्त्रता र राजनीतिक हिसाबले आवधिक निर्वाचन हो । यी कुराहरुलाई किन्सले आफ्नो मोडलमा समावेश गरे । अनि समाजवादको राम्रो गुण भनेको वितरणात्मक न्याय हो । सामाजिक न्याय, समाजमा पछाडि परेका वर्गहरुको संरक्षण गरेमा मात्र देशमा समग्र माग बढाउन सकिन्छ र समग्र मागमा वृद्धि भएपछि उद्योग, कलकार खानाहरुको विकास हुन्छ अनि रोजगारी सृजना हुन्छ भन्ने मान्यताको आधारमा उनले आफ्नो मिश्रित अर्थव्यवस्थाको मोडल संसारलाई दिए ।

मार्क्सको अर्थनीतिबाट भएका उपलब्धिहरुको त्यति धेरै उदाहरण हामीसँग छैन । यो टेस्टेड छैन । एकाध देशहरुमा एक वा दुई दशकसम्म प्रयोगमा आएर राम्रै उपलब्धि देखा परेका उदाहरणबाहेक बृहद्रुपमा ठूलो पैमानामा सारा संसारलाई नै प्रभाव पार्ने गरी मार्क्सवादी मोडलको अनुभव हुन सकेन । उता किन्सको मोडलले सन् १९३० को दशकको महान् मन्दीवाद संसारलाई उन्मुक्ति मिल्यो । विश्वलाई फेरि आफ्नो चंगुलमा राख्ने उद्देश्यबाट ग्याट आयो, त्यसपछि मिल्टन फ्रिड म्यानको नवउदारवादी नीति आयो र सन् १९७० को दशकको आर्थिक शिथिलतालाई सम्बोधन गर्न किन्सको सिद्धान्त असमर्थ भयो भनी रबर्ट लुकासको नयाँ पुँजीवादी सिद्धान्त आयो ।

यसरी सन् १९४२ देखियता सन् २००६ सम्म अनेकौं छोटामोटा सिद्धान्तहरुको विकास भए तापनि सन् २००७ देखि सन् २०१२ सम्म अमेरिका र युरोपमा देखा परेको मन्दीलाई नियन्त्रण गर्न किन्सकै फर्मुला आवश्यक पऱ्यो । राज्य अगाडि आएर बजारमा हस्तक्षेप गरेपछि समस्या समाधान भयो । पुन: सन् २०१९ देखि देखा परेको विश्वव्यापी कोभिडको महामारीसँग जुध्न पनि किन्सकै नीति आवश्यक पऱ्यो । स्वतन्त्र बजार व्यवस्थाबाट र अझ नवउदार वादले आर्थिक संकट बढाउने नै हो, आर्थिक महामारीको हल हुँदो रहेनछ भन्ने कुरा विश्वमा पटक-पटक प्रमाणित भइआएको छ । यस प्रकार किन्सको सिद्धान्त विभिन्न परिस्थितिहरुमा टेस्टेड सिद्धान्त हो ।

**नेपालमा प्रयोग :**

नेपालमा सन् १९९० को राजनीतिक परिवर्तनपछि बजारमुखी अर्थतन्त्रको अभ्यासको थालनी भयो । त्यहाँसम्म त ठीकै हो । पुँजीवादीले बजारमा प्रतिस्पर्धा र अनुसन्धानलाई प्रश्रय दिएको हुन्छ । तर बिस्तारै यो विकृत पुँजीवादमा रुपान्तरण हुँदै गयो । क्रोनी क्यापिटलिजमको विकास भयो, रेन्ट सिकिङ र ब्रोकरिजमको विकास भयो । विभिन्न अनुसन्धानहरुले के औंल्याएका छन् भने, जब राज्य संयन्त्रहरु कमजोर हुँदै जान्छन्, अनौपचारिक अर्थतन्त्र मौलाउन थाल्छ, जसले बजारलाई बजारको नियमबाट नभई निश्चित व्यक्तिहरुको इच्छाको भरमा हिँडाउन थाल्छ ।

अहिले नेपालको अर्थतन्त्रको ४६ प्रतिशत हिस्सा अनौपचारिक अर्थतन्त्रको कब्जामा छ । क्रोनी क्यापिटलिजम, रेन्ट सिकिङ र ब्रोकरिजम फस्टाउने भनेकै अनौपचारिक अर्थतन्त्र फस्टाउनु हो । यो हुन नदिनको निम्ति राजनीतिक नेतृत्वको मानसिकतामा ठूलो परिवर्तन हुनु जरुरी छ । राजनीतिक नेतृत्वको आवश्यक यस्तै बेलामा पर्दछ । अहिले नेपाल दुईवटा नीतिगत द्विविधामा फसेको छ । एउटा किन्सवाद वा मार्क्सवादसम्बन्धी द्विविधा । अर्को नवउदारवादी जाल हो । दुवै द्विविधाहरुलाई नेपालको संविधानले हल गरिदिएको छ । संविधानले नेपाललाई समाजवाद उन्मुख अर्थव्यवस्था भएको बहुदलीय प्रजातन्त्र भनेकै छ त । समाजवाद उन्मुख भन्नेबित्तिकै मिश्रित अर्थव्यवस्था हो । अनि जहाँ मिश्रित अर्थव्यवस्था हुन्छ त्यहाँ नवउदारवादको गुञ्जायश्स रहँदैन । यी दुई कुरामा स्पष्ट हुनेबित्तिकै एउटा दृढ नेतृत्वले अनौपचारिक अर्थतन्त्रका अवयवहरु क्रोनी क्यापिटलिजम, रेन्ट सिकिङ र ब्रोकरिजमजस्ता जटिल गतिविधिहरुलाई सजिलै नियन्त्रण गर्न सक्छ ।

**निष्कर्ष :**

मुलुक नीतिगत जटिलताको जालोमा फसेको छ । न पुँजीवाद, न समाजवाद, न मिश्रितवाद । एउटा स्पष्ट दिशा नपक्रीकन देशले फड्को मार्न सक्दैन । सबै कुरा छोडेर आमसहमतिको दस्तावेजको रुपमा ग्रहण गरिएको हाम्रो संविधानलाई कार्यान्वयन तहमा लगे पुग्छ । यसका लागि पहिलो सर्त भनेको नेतृत्वपङ्क्तिको दृढ इच्छाशक्ति हो । त्यसपछि आवश्यक कानुनी संरचनाको विकास जसले कानुनी राज्य, मानवअधिकार र आधारभूत सुविधाहरुको प्रत्याभूति गरोस् । एउटा डोरी बनाउन जति पोयो बाटे पनि गाँठो दुईवटा नै पर्ने हो- संविधानको इमानदार कार्यान्वयन र नेतृत्वको देशप्रति निष्ठा । यी दुई कुरालाई धर्म वा परमार्थभावसँग जोड्न सक्यो भने जित जनताको नै हुने हो, देशको हुने हो । अरु सब तपसिलका विषय हुन्, कार्यकारी सरकारको एउटा निर्णयले सबै कुराहरु समयक्रमसँगै ठीकठाक हुँदै जान्छन् ।

*(साभार: नेपाल समाचार-पत्र)*

# सिर्जनात्मक विघटन र आर्थिक रूपान्तरण

✍ केशव खतिवडा

सिर्जनात्मक विघटनको सिद्धान्तको प्रतिपादन २०औं शताब्दीका प्रख्यात अस्ट्रियन मूलका अमेरिकी अर्थशास्त्री जोसेफ सम्पेटरले सन् १९४२ मा प्रकाशित आफ्नो पुस्तक 'क्यापिटालिजम्, सोसियलिजम् एन्ड डेमोक्रेसी'द्वारा गरेका हुन् । पुस्तकमा सम्पेटरले क्यापिटालिजम्का बारेमा विश्लेषण गर्दै पुँजीवादलाई नवप्रवर्द्धन र आर्थिक वृद्धिको प्रमुख शक्ति मानेका छन् । नयाँ प्रविधि र उद्यमशीलताले पुँजीवादी अर्थ-व्यवस्थालाई परिवर्तन, विकास र जीवन्तता प्रदान गरेको ठान्छन् । सोसियलिजम्का बारेमा व्याख्या गर्दै उनले उनले भनेका छन्- आर्थिक प्रणालीका साथै सामाजिक र राजनीतिक प्रणालीको परिवर्तनको परिणाम नै समाजवादी अर्थ-व्यवस्था हो । जसको जन्म पुँजीवादको अन्त्यपछि हुनेछ ।

त्यसैगरी प्रजातन्त्रलाई उनले नेताहरूको राजनीतिक प्रतिस्पर्धा गर्ने प्रणालीका रूपमा व्याख्या गरेका छन् । उनका अनुसार, प्रजातान्त्रिक प्रणालीमार्फत जनताले आफ्ना प्रतिनिधि छान्ने अवसर पाउँछन् । जसले समाजको नेतृत्व र निर्णयलाई निरन्तर परिवर्तन गर्न सहयोग पुऱ्याउँछ । सारांशमा प्रविधिमा नयाँपनको सिर्जना र पुरानोको अवसान हुन्छ भन्ने आर्थिक रूपान्तरणको सिद्धान्त नै सिर्जनात्मक विघटन हो । यो सिद्धान्तले आर्थिक विकास निरन्तर प्रविधिजन्य परिवर्तनको प्रक्रियाबाट हुन्छ भन्ने मान्यता राख्छ । पुराना उद्योग, प्रविधि, संरचना, बजार तथा आर्थिक सम्बन्ध नष्ट हुन्छन् वा नयाँ उद्योग, प्रविधि, संरचना तथा आर्थिक सम्बन्धले तिनीहरूलाई प्रतिस्थापन गर्छन् भन्ने सम्पेटरको सिद्धान्तले व्यवसायीलाई बढी महत्त्व दिएको छ । यसले खासगरी तीनवटा पक्षलाई विशेष जोड दिएको पाइन्छ ।

१) नवप्रवर्द्धन : सिर्जनात्मक विघटनको सिद्धान्त मूलत: आर्थिक विकाससँग सम्बन्धित भएकाले नयाँ प्रविधिमा आधारित उत्पादन, व्यापारका मोडल, वितरण प्रणाली र बजार संरचनाको भूमिका हुनुपर्छ ।
२) विघटन : पुराना प्रविधि, संरचना, उत्पादन, वितरण र बजारहरूको विघटन हुनुपर्छ ।
३) पुनर्निर्माण : पुराना उत्पादन प्रणाली, प्रविधि संरचना तथा आर्थिक सम्बन्धहरूको पुनर्संरचना वा पुनर्निर्माण हुनुपर्छ । आर्थिक विकास भनेको नवप्रवर्द्धन, विघटन र पुनर्निर्माणको संयोजनको प्रक्रिया हो । जसअन्तर्गत नष्ट गर्नु पर्नेलाई नष्ट गर्ने, संरक्षण गर्नुपर्नेलाई संरक्षण गर्ने र सिर्जना गर्नुपर्नेलाई सिर्जना गर्नेजस्ता कार्य गरिन्छ ।

सिर्जनात्मक विघटनको यो प्रक्रियाले आर्थिक विकास र सामाजिक रूपान्तरणमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । २०औं शताब्दीमा प्रतिपादित यो सिद्धान्त २१औं शताब्दीमा झनै पुष्टिहुँदै गएको छ । सूचना र प्रविधि, नविकरणीय ऊर्जा, हरित वा डिजिटल अर्थतन्त्र, परम्परागत उद्योग र व्यापारजस्ता जुनसुकै क्षेत्रमा सिर्जनात्मक विघटनको प्रयोग टड्कारो रूपमा भएको पुष्टि हूँदै गएको छ ।

**यो सिद्धान्तले देहायका क्षेत्रमा महत्वपूर्ण प्रभाव पारेको पाइन्छ :**

१) अर्थतन्त्रमा नवीन परिवर्तन : सिर्जनात्मक विघटनले पुराना, परम्परागत तथा भद्दा उद्योगहरूलाई प्रतिस्थापन गर्दै नयाँ, आधुनिक, प्रतिस्पर्धी र कुशल उद्योगहरूको स्थापना गरेको छ । यसले उपभोक्ताहरूमा विकल्पको छनोट बढाएको छ । अन्तर्राष्ट्रिय व्यापारमा वृद्धि भएको छ । कुल उत्पादन बढाएको छ । मुलुकको दीर्घकालीन आर्थिक वृद्धिलाई प्रोत्साहित गरेको छ ।
२) नवीन प्रविधिको विकास : सिर्जनात्मक विघटनले नवीन प्रविधिमा गुणात्मक फड्को मारेको छ । सूचना र प्रविधिका क्षेत्रमा आज दुनियाँ एआईको युगमा छ । स्वचालनको विकास होइन, नियन्त्रण गर्दै जानुपर्ने अवस्था सिर्जनाहुँदै गएको छ । ऊर्जाको क्षेत्र वायु र सौर्य ऊर्जाको विकासतर्फ उन्मुख छ । व्यापारका क्षेत्रमा ई-कमर्सको विकास भएको छ । सर कारी क्षेत्रमा ई-गभर्नेन्स । अर्थतन्त्रको क्षेत्रमा डिजिटल इकोनोमी विकासहुँदै गएको छ । यसरी नवप्रवर्द्धनले आर्थिक रूपान्तरणका साथै समाज रूपान्तरणमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ ।
३) रोजगारीमा वृद्धि : सिर्जनात्मक विघटनले सूचना प्रविधि, वाणिज्य, व्यापार, औद्योगिकीकरण लगायत सम्पूर्ण क्षेत्रमा आमूल परिवर्तन ल्याउने हुँदा पर्याप्त र दक्ष जनशक्तिको रोजगारीको सिर्जना हुन्छ । जसले मुलुकको बेरोजगारी समस्यालाई क्रमश: हल गर्दै लैजान्छ ।
४) संरचनागत परिवर्तन : सिर्जनात्मक विघटनले सिंगो आर्थिक क्षेत्रको रूपान्तरण र पुनर्गठन गर्ने भएकोहुँदा पुराना उद्योग-धन्दा र उत्पादन प्रक्रियाको स्वत: विघटन हुन पुग्छ । त्यसको स्थानमा नयाँ र आधुनिक उद्योगको विकास हुन्छ । जसले सन्तुलित समाजको विकास गर्न र आर्थिक अवसरको पुनर्वितरण गर्न महत्वपूर्ण योगदान गर्छ ।

**आर्थिक रूपान्तरण**

कुनै पनि देशको आर्थिक प्रणालीमा हुने गुणात्मक परिवर्तन नै आर्थिक रूपान्तरण हो, जसले मुलुकको आर्थिक नीतिहरू, संरचना र विकासमा ठुलो परिवर्तन ल्याउँछ । दीर्घकालीन आर्थिक विकासको ठोस मार्गचित्र प्रदान गर्छ । परिणामस्वरूप कृत्रिम बौद्धिकतामा आधारित औद्योगिकीकरण हुने, रोजगारीको थप अवसर सिर्जना हुने, राजस्वमा वृद्धि हुने, जीवनस्तरमा सुधार हुने तथा मुलुकको आर्थिक कूटनीति र व्यापारमा सफलता हासिल गर्दै मुलुकले आर्थिक स्थायित्व र समृद्धि हासिल गर्छ ।

**आर्थिक रूपान्तरण हासिल गर्ने केही उपाय**

१) नीतिगत सुधार : आर्थिक रूपान्तरणका लागि सर्वप्रथम नीतिगत सुधार गर्नुपर्छ । व्यापार, वाणिज्य, उद्योग-धन्दा तथा करनीतिमा समसामयिक सुधार गर्नुपर्छ । त्यसको दीर्घकालीन मार्गदर्शन मुलुकको वित्तीय र मौद्रिक नीतिले गर्नुपर्छ । एकद्वार औद्योगिक नीति व्यवहारमा अवलम्बन गर्ने, झन्झटिलो र घुमाउरो प्रणालीको अन्त्य गर्ने, विदेशी लगानीमैत्री नीतिहरूको अवलम्बन गर्ने, कर प्रणालीमा नीतिगत सुधार गरी सरल र पार दर्शी बनाउनुका साथै करका दर बढाउनुको सट्टा करको दायरालाई बढाउने, आयात निर्यात प्रणालीलाई सरल बनाउनेजस्ता क्षेत्रमा नीतिगत सुधार गर्नुपर्छ ।
२) संरचनागत सुधार : चुस्त संरचनाले एकातर्फ छिटो प्रतिफल दिन्छ भने अर्कातर्फ लागत घटाउँछ । तसर्थ कार्यात्मक ढंगले संरचनागत सुधार गर्नुपर्छ । कृषि, उद्योग, सेवाजस्ता क्षेत्रहरूको थप व्यावसायीकरण गर्दै लैजानुपर्छ । जसले रोजगारी र राजस्वमा वृद्धि ल्याउनुका साथै आर्थिक विविधीकरण ल्याउँछ । जसका लागि यातायात, ऊर्जा, जलस्रोत संरचनाजस्ता क्षेत्रहरूको भौतिक पूर्वाधारमा विकास गर्नुपर्छ ।
३) मानव संसाधनको विकास : व्यवस्थापनको प्रमुख सिद्धान्त नै 'म्यान फर्स्ट' भएकोहुँदा व्यवस्थापक तथा कामदारलाई गुणस्तरीय तालिम र शिक्षा प्रदान गरी दक्ष जनशक्ति विकास गर्ने स्वास्थ्य, सुरक्षा, आवासजस्ता थप उत्प्रेरणात्मक सुविधा उपलब्ध गराउँदै स्वशासित र स्वउत्प्रेरित जनशक्तिको विकास गर्नुपर्छ ।
४) वित्तीय सुधार : बैंकिङ प्रणालीको समसामयिक सुधार गर्दै ऋण लिने वा दिने र ब्याज दरलाई सरल र पारदर्शी बनाइनुपर्छ । वित्तीय समावेशीकरणलाई प्रवर्द्धन गरिनुपर्छ ।
५) नवप्रवर्द्धनको विकास र हस्तान्तरण : आजको प्रतिस्पर्धा प्रविधिबिचको प्रतिस्पर्धा पनि हो । उन्नत प्रविधिको विकासले उत्पादनशीलता र प्रतिस्पर्धामा वृद्धि गर्छ । यसका लागि अनुसन्धान र अन्वेषणमा लगानी वृद्धि गर्नुका साथै प्रविधि हस्तान्तरण प्रक्रियालाई जोड दिनुपर्छ ।
६) सामाजिक सुधार : यसअन्तर्गत मूलत: सामाजिक सुरक्षा कार्यक्रम र समावेशीजस्ता कार्यक्रम पर्छन् । समाजका विपन्न, अशक्त, असहाय, वृद्ध, अपाङ्गता भएका व्यक्तिलाई लक्षित गरी सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्नुपर्छ । जसले समाजमा स्थिरता र सद्भाव कायम गर्छ । दलित, महिला, विपन्न तथा पिछडिएका वर्गलाई आर्थिक क्रियाकलापको मूल प्रवाहमा सहभागी गराउनुपर्छ । यस्ता कार्यक्रमले समतामूलक समाजको निर्माण गर्न मद्दत गर्छ ।
७) पर्यावरणीय सुरक्षा : आर्थिक विकासलाई पर्यावरणीयमैत्री बनाउनुपर्छ । पर्यावरण कहालीलाग्दो अन्तर्राष्ट्रिय समस्या बन्दै गएको छ । यसका लागि नवीकरणीय ऊर्जाको विकासमा जोड दिने र पर्यावरण संरक्षणलाई हरेक क्रियाकलापमा क्रस कटिङ इस्युको रूपमा समावेश गर्नुपर्छ ।
८) सुशासन : सुशासन भन्नाले मूलत: सार्वजनिक प्रशासनमा पारदर्शिता, जवाफदेहिता, उत्तर दायित्व सुनिश्चितता र भ्रष्टाचार न्यूनीकरण गर्नुलाई जनाउँछ । यसका लागि सरकारले शून्य सहनशीलता अपनाउनुपर्छ ।

यसरी सिर्जनात्मक विघटनको सिद्धान्तले आर्थिक रूपान्तरणमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । नयाँ प्रविधि र आविष्कारले पुराना प्रविधि र यन्त्र उपकरणलाई विस्थापित गर्दै लैजान्छ । उद्यमशीलतालाई प्रोत्साहित गरी पुराना उद्योग र व्यवसायका ठाउँमा नयाँ उद्योग र व्यवसायले लिन्छ । प्रतिस्पर्धामा वृद्धि हुनुको साथै बृहत् उत्पादनका कारणले उपभोक्तालाई छनोटको अवसर प्राप्त हुनुका साथै सस्तो र गुणस्तरीय वस्तु उपलब्ध हुन्छ ।

*(साभार: रातोपाटी)*

# बहुबैंकिङ र बिग्रँदो कर्जा अनुशासनले लघुवित्तमा समस्या

काठमाडौं/अर्थ मन्त्रालयले लघुवित्त समस्या समाधानका लागि गठन गरेको समितिले लघुवित्त समस्याको एक दर्जनभन्दा बढी कारण पहिचान गर्दै समाधानको सुझाव समेत सिफारिस गरेको छ । नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर डा. निलम ढुंगाना तिम्सिनाको नेतृत्वमा गठित समितिले स्थलगत अध्ययन गरेको थियो । समितिले लघुवित्त वित्तीय संस्थाको उच्च विस्तार, निश्चित भौगोलिक क्षेत्रमा संस्थाहरूको उच्च सघनतालाई लघुवित्त क्षेत्रको समस्याका कारण औंल्याइएको छ ।

'बहुबैंकिङ कर्जा उपभोग, कर्जाको सदुपयोग नहुनु, बिग्रँदो कर्जा अनुशासन, वित्तीय चेतनाको कमीजस्ता समस्या देखिएका छन्,' अध्ययन प्रतिवेदनमा छ, 'संस्थाहरूको कमजोर आन्तरिक नियन्त्रण प्रणाली, कमजोर संस्थागत सुशासन, भूकम्प, नाकाबन्दी, कोभिड-१९ लगायत अर्थतन्त्रको शिथिलता, कर्जा तिर्न नपर्ने मौखिक जानकारीका आधारमा नियतवश आन्दोलनका नाममा किस्ता नतिर्ने प्रवृत्ति, लघु वित्तीय सिद्धान्त अनुरूप लक्षित वर्गमा केन्द्रित हुन नसकेका जस्ता कारण लघुवित्त क्षेत्रमा दबाब र समस्या सिर्जना भएको देखिन्छ ।'




अध्ययन समितिको स्थलगत अध्ययन टोलीले समस्या र समाधानका विभिन्न विषयवस्तु अन्तर्गत सुझाव प्रस्ताव गरेको छ । प्रतिवेदनमा लघुवित्त वित्तीय संस्थाका सदस्य तथा समग्र प्रणालीमा देखिएका समस्या समाधानका उपाय समेत सिफारिस गरिएको छ । अध्ययन समितिले समस्या समाधानका लागि लघुवित्तका ऋणी, लघुवित्त संस्था, नेपाल राष्ट्र बैंक र अर्थ मन्त्रालयले चाल्नुपर्ने कदमसमेत सिफारिस गरेको छ ।

ती सुझाव चरणबद्ध कार्यन्वयन गर्दा लघुवित्त क्षेत्रको समस्या समाधान गर्न सकिने अध्ययन समितिले निष्कर्ष छ । कर्जा सम्बन्धी व्यवस्था, सेवा शुल्क तथा बीमा शुल्क सम्बन्धी व्यवस्था, लघुकर्जा तथा लक्षित वर्ग, ग्राहक संरक्षण जस्ता विषय सुझावमा समेटिएका छन् । त्यस्तै आन्तरिक नियन्त्रण प्रणाली, संस्थागत सुशासन, कर्मचारी सम्बन्धी व्यवस्थामा सुधार गर्नुपर्ने सुझाव पनि छ । कर्जा सूचना, वित्तीय सचेतना, सदस्यको स्तरोन्नति, लघुवित्त वित्तीय संस्थाहरूको विकेन्द्रीकरण तथा भौगोलिक उपस्थितिको उचित व्यवस्थापन, लघुवित्त वित्तीय संस्थाहरूको व्यवस्थित सञ्चालन लगायतमा अध्ययन समितिमा सुझाव केन्द्रित छ ।

अध्ययन समितिले लघुवित्त वित्तीय संस्थाहरूको व्यवस्थित सञ्चालन लगायत विषयमा सम्बन्धित लघुवित्त वित्तीय संस्था तथा तिनका सदस्य, राष्ट्र बैंक तथा सरकारले गर्नुपर्ने कार्यहरू उल्लेख गर्दै प्रतिवेदनमा तोकिएका नीतिगत व्यवस्था तथा अन्य कार्य क्रमश: कार्यान्वयन गर्दै लैजानुपर्ने बताएको छ ।

### आफ्नो नाममा लिएर अर्को व्यक्तिलाई कर्जा चलाउन दिन नहुने

अध्ययन समितिले लघुवित्त वित्तीय संस्थाका सदस्यले एउटा संस्थाबाट मात्रै कर्जा उपयोग गर्नुपर्ने बताएको छ । यस्तै ऋणीले जुन प्रयोजनमा लिएको हो, सोही प्रयोजनमा प्रयोग गर्ने र त्यसको नगद प्रवाहबाट नियमित किस्ता तिर्नुपर्ने बताएको हो ।

'आफूले आफ्नो नाममा कर्जा लिएर अन्य व्यक्तिलाई चलाउन दिनु हुँदैन,' प्रतिवेदनको सुझावमा छ, 'लिएको कर्जालाई उत्पादनशील तथा आयआर्जन हुने क्षेत्रमा मात्र लगाई फजुल खर्च रोक्नुपर्छ । घरेलु लघु उद्यममा लगानी गर्दा सोको लागत तथा प्रतिफलको विश्लेषण गर्नुपर्छ ।'

त्यस्तै लघुवित्त समूह गठन गर्दा नचिनेको व्यक्तिलाई नगर्ने तथा त्यस्ता व्यक्तिलाई सामूहिक जमानी दिनुपूर्व विश्लेषण गर्न सुझाव दिइएको छ । पशुपालन तथा खेतीपातीका लागि कर्जा लिँदा आफूले सञ्चालन गरेको परियोजना, पशुधन तथा बालीको समेत बीमा गर्नुपर्ने छ ।

संस्थाबाट कर्जा उपभोग गरेका तथा आफू आबद्ध समूहबाट कर्जा लिएका सदस्यले लिएको कर्जाका लागि जमानी दिएका सदस्यले त्यस्ता ऋणीले कर्जा रकम सदुपयोग गरे नगरेको सम्बन्धमा नियमित निगरानी गर्नुपर्ने समितिको सुझाव छ । संस्थाका कर्मचारीसँग बचत जम्मा, कर्जाको किस्ता भुक्तानी लगायत जुनसुकै आर्थिक कारोबार गर्दा रकम बुझाएको रसिद अनिवार्य लिन र लघुवित्तले राष्ट्र बैंकको निर्देशन विपरीत कुनै कार्य गर्ने वा अनावश्यक शुल्क लिए प्रमाणसहित सम्बन्धित संस्था वा राष्ट्र बैंकमा निवेदन दिन आग्रह गरेको छ ।

### ऋणीले नलिएको कर्जा तत्काल मिलाउन निर्देशन

लघुवित्तका कतिपय ऋणीले लिँदै नलिएको कर्जा रकम समेत निजहरूको नाममा बक्यौता रहेको देखिएको छ । लघुवित्त संस्थाले त्यस्ता कर्मचारीको शंकास्पद कागजात तयार पार्नुपर्ने बताएको हो । यदि त्यस्तो कर्जा प्रवाह गरेको देखिए त्यस्ता कर्जा पहिचान गरी सम्बन्धित कर्मचारीलाई आवश्यक कारबाही गर्ने तथा त्यस्ता ऋणीको बक्यौता कर्जा कट्टा गरी आवश्यक हिसाब मिलान गर्नुपर्ने समितिको सुझाव छ ।

संस्थाहरूको कमजोर आन्तरिक नियन्त्रण प्रणाली, कमजोर संस्थागत सुशासनमा गम्भीर त्रुटि रहेको औंल्याउँदै त्यसमा सुधार गर्न लघुवित्तले गर्नुपर्ने दुई दर्जनभन्दा धेरै सुझाव अध्ययन समितिले दिएको छ । सम्बन्धित सदस्य लघुवित्तमा आबद्ध हुन सक्ने तथा कर्जा उपभोग गर्न सक्ने आधार अनिवार्य निजको ग्राहक पहिचान फारममा उल्लेख गर्नुपर्ने सिफारिस गरिएको छ ।

त्यस्तै लघुवित्तले विपन्न तथा न्यून आय भएकाको पहिचान गरेर मात्र सदस्य बनाउने, कर्जा प्रदान गर्दा परियोजनाको बीमा गर्ने तथा उपलब्धताका आधारमा सरकारले अनुदान दिएका कृषि बीमा गर्ने संस्थाका ऋणी सदस्यलाई प्रोत्साहित गर्नुपर्ने सिफारिस गरेको छ ।

लघुवित्तमा आर्थिक अपचलनका घटना बढिरहेको तथा ग्राहक र संस्थाबीच असमझदारी रहेकाले त्यसको निराकरण गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ । लघुवित्तका कर्मचारीको आचरण तथा संस्थागत आन्तरिक नियन्त्रण प्रणालीमा सुधार गर्नुपर्ने, संस्थाको आन्तरिक लेखापरीक्षण कार्यलाई प्रभावकारी बनाउने तथा लेखापरीक्षण समितिलाई समेत थप क्रियाशील बनाइ शाखा कार्यालयको निरन्तर अनुगमन तथा कारोबार र गतिविधि नियमित अनुगमन गर्नुपर्ने सुझाव दिएको हो ।

ऋणी तथा सदस्यबाट पूर्णविवरण भरिएको तमसुक तथा कागजात बाहेक अन्य कुनै पनि खाली कागजातमा हस्ताक्षर गराउन नपाउने भएको छ । कुनै पनि अवस्थामा सम्बन्धित ऋणीसँग अन्य बैंक तथा वित्तीय संस्थाबाट जारी गरिएको चेक माग नगर्न भनेको छ । 'समयमा कर्जाको साँवाब्याज तथा नियमित बचत जम्मा नगर्ने सदस्यलाई ताकेता गर्ने नाममा बारम्बार, लामो समयसम्म निजहरूको कार्यस्थलमा समेत गई काम गर्ने वातावरण बिगार्ने गरी दबाब तथा मानसिक यातना दिनु हुँदैन,' अध्ययन समितिको सुझावमा छ, 'सम्बन्धित ऋणीको कर्जाभन्दा धेरै रकम निजहरूको विभिन्न बचत खातामा रहेको अवस्थामा ऋणीको सहमति लिई वा लिखित जानकारी गराइ उक्त खातामा भएको रकमबाट कर्जा रकम मिलान गर्नुपर्छ ।'

### कर्जा शुल्क, बीमा र कर्जा सूचना बाहेक थप शुल्क काट्न नपाउने

लघुवित्त संस्थाले कर्जा प्रदान गर्दा बीमा, सेवा शुल्क तथा कर्जा सूचना प्राप्त गर्दा लिनुपर्ने रकम बाहेक अन्य कुनै रकम कट्टा नगरी प्रदान गर्नुपर्ने सुझाव दिइएको छ । लघुवित्तले स्थानीय आवश्यकता र सम्भाव्यताका आधारमा भूगोल विशेषका लागि आवश्यकता अनुसार व्यावसायिक उत्पादनमा आधारित व्यवसाय गर्न अभिप्रेरित गर्नुपर्छ ।

कर्जा सूचना केन्द्रबाट अनिवार्य कर्जा सूचना लिने तथा केन्द्रबाट प्राप्त हुने विवरण मात्रले सदस्यको आर्थिक दायित्वको पूर्ण जानकारी प्राप्त नहुने भएकाले उक्त विवरणका अतिरिक्त ऋणीको घर, ठेगाना, अन्य व्यक्तिगत आर्थिक लेनदेनका कारोबार लगायत विषय समेत अनिवार्य स्थलगत अवलोकन गरी पूर्णविवरण लिनुपर्ने समितिको सुझाव छ ।

अध्ययन समितिले कर्जा चुक्ता भएपछि तत्काल धितो फुकुवा गर्नुपर्ने, वास्तविक समस्यामा परेका भनी पहिचान गरिएका ऋणीको धितो लिलाम सम्बन्धी कार्य निश्चित समयका लागि स्थगन गराउनुपर्ने सुझाव दिएको छ । यस्ता ऋणीलाई केही समयसम्म कालोसूचीमा नराख्ने व्यवस्था गर्ने तथा कालोसूचीमा समावेश गरिसकिएको भए उक्त ऋणीलाई कालोसूचीबाट हटाउन आवश्यक प्रक्रिया अघि बढाउनुपर्ने सुझाव दिएको हो ।

ऋणीलाई आवश्यकता अनुसार कर्जा चुक्ता गराउन सम्पूर्ण पेनाल ब्याज मिनाहा गर्ने तथा पाकेको ब्याजमा समेत छुट दिई असुली गर्न सक्ने व्यवस्था मिलाउन सुझाव दिएको हो । समस्यामा परेका ऋणीलाई सरकारबाट स्थापना हुने लघुवित्त पुनरुत्थान कोषबाट पुनर्कर्जा लिई सहुलियतपूर्ण ब्याजदरमा कर्जा उपलब्ध गराउने, उक्त कोष स्थापना भई सञ्चालनमा नआउँदासम्म सम्बन्धित संस्थामा रहेको ग्राहक संरक्षण कोष प्रयोग गरी ऋणीको पुनरुत्थानका लागि सहुलियतपूर्ण ब्याजदरमा कर्जा उपलब्ध गराउन सुझाव दिइएको छ । यस्तो कर्जामा सेवा शुल्कसमेत छुट दिने सिफारिस गरेको हो ।

लघुवित्तले सदस्यहरूको कारोबारको विवरण बैंक स्टेटमेन्ट र एसएमएस मार्फत नभई पासबुक उपलब्ध गराउने तथा निजहरूको कारोबार नियमित उक्त पासबुकमा समेत प्रविष्टि गर्ने व्यवस्था गर्नुपर्ने बताएको छ । लघुवित्तका कर्मचारीले ऋणी सदस्यसँग गरेको सम्पर्कलाई टिपोट गरी त्यसको लगबुक सुरक्षित राख्ने, सदस्यले माग गरेका बखत निजहरूले माग गरेको अवधिसम्मको सम्बन्धित सदस्यको बचत, कर्जा, सेवा शुल्क तथा बीमाको हरहिसाब नि:शर्त उपलब्ध गराउने व्यवस्था गर्न सुझाव दिएको हो ।

कर्जा बक्यौता रहेको तर कर्जा सूचना प्राप्त गर्दा सम्बन्धित ऋणीको कर्जा सूचनामा उक्त कर्जा समावेश नभएको पाइए कर्जा सूचना केन्द्रसँग समन्वय गरी कर्जा सूचना अद्यावधिक गर्न भनेको छ । ऋणीको ग्राहक पहिचान विवरण संस्थाको सूचना प्रणालीमा समेत अद्यावधिक गरी कर्जा सूचना केन्द्रलाई ऋणीको वास्तविक विवरण उपलब्ध गराउन सुझाव दिइएको छ ।

लघुवित्तले कर्जा नियमित नभएका तथा समस्यामा परेका भनिएका आ-आफ्ना ऋणीको तथ्यांक संकलन गरी नियतवश कर्जा नतिरेका तथा वास्तविक समस्यामा परेका ऋणी यकिन गरी अधिकतम ६० दिनभित्र राष्ट्र बैंकसमक्ष पेस गर्न सुझाव दिइएको छ । समस्यामा परेका ऋणी पहिचान गर्दा महाभूकम्प, नाकाबन्दी तथा कोभिड-१९ का कारण परियोजनामा परेको असर तथा नोक्सानीका कारण समयमा किस्ता बुझाउन नसक्ने तथा कर्जा भुक्तानी गर्ने कुनै आधार नभएका ऋणीको विवरण उपलब्ध गराउनुपर्ने अध्ययन समितिले बताएको हो ।

कर्जा सदस्यको तिर्न सक्ने क्षमता र सदुपयोग हुने सुनिश्चितताका आधारमा मात्र कर्जा दिनुपर्ने, कर्जा प्रदान गर्दा ऋणीलाई बचत, ऋण, ब्याज, ब्याजमा प्राप्त गर्ने सहुलियत, वित्तीय अनुशासन, बीमा लगायत विषयमा अनिवार्य तालिम तथा जानकारी उपलब्ध गराउनुपर्ने समितिको सुझाव छ ।

नियतवश कर्जा नतिर्ने ऋणीसँग सम्पर्क गरी कर्जा असुलीका लागि आवश्यक प्रक्रिया पुऱ्याइ कर्जा चुक्ता गराउन, लघुवित्त वित्तीय संस्थाले आफ्ना ऋणी सदस्यलाई कृषि, पशुधन तथा बाली बीमामा अनुदान कार्यक्रमबारे जानकारी गराउन समितिको सुझाव छ ।

अध्ययन समितिले लघुवित्तका शाखा कार्यालय अन्तर्गत गठन भएका समूहको केन्द्र बैठक अनिवार्य नियमित बसेको सुनिश्चितता गर्ने र कर्जा प्रदान गरिसकेपछि निश्चित अवधिभित्र अनिवार्य कर्जाको सदुपयोगिता निरीक्षण गर्ने व्यवस्था गर्नुपर्ने सुझाव पनि दिएको छ ।

### कर्जाको प्रकृति अनुसार प्रडक्ट पेपर तयार गर्नुपर्ने

अध्ययन समितिले लघुवित्तलाई कर्जाको प्रकृतिसँग मेल खाने गरी कर्जाको प्रडक्ट पेपर तयार गर्न सुझाव दिएको छ । 'लघुवित्तका अधिकांश कर्जा कृषि क्षेत्रमा लगानी हुने गरेको देखिएको छ । तर, कृषि क्षेत्रबाट मुनाफा आर्जन गर्न वा प्रतिफल पाउन केही समय पर्खिनुपर्छ,' प्रतिवेदनमा छ, 'अधिकांश ऋणीलाई ग्रेस अवधि उपलब्ध गराएको नपाइएकाले सोहीकारण समेत कर्जा तिर्न समस्या हुने देखिएकाले कर्जाको प्रकृतिसँग मेल खाने गरी कर्जाको प्रडक्ट पेपर तयार गर्नुपर्छ ।'

पुरानो कर्जा चुक्ता गराइ नयाँ कर्जा प्रवाह गर्दा पटक-पटक सेवा शुल्क लिने गरेको तथा बीमा समेत प्रत्येक पटक गराउने गरिएकाले त्यसलाई रोक्न सुझाव दिएको हो । कर्जा प्रवाह गर्दा बीमा गर्नुपर्ने अवस्थामा दोहोरो नपर्ने गरीमात्र बीमा गराउनुपर्ने अध्ययन समितिले बताएको छ ।

### लघुवित्तलाई सामाजिक बैकिङ अवधारणामा सञ्चालन गर्न सुझाव

अध्ययन समितिले राष्ट्र बैंकलाई लघुवित्त नाफामुखी मात्र नभई सेवामुखी तथा सामाजिक बैकिङको अवधारणा अनुसार सञ्चालन हुन अभिप्रेरित गर्न सुझाव दिएको छ । यस्तै नियतवश कर्जा नतिरेका तथा समस्यामा परेका ऋणी यकिन गरी अधिकतम ६० दिनभित्र राष्ट्र बैंकसमक्ष पेस गर्न निर्देशन दिन सुझाव दिएको छ । राष्ट्र बैंकले उक्त व्यवस्था कार्यान्वयनमा ल्याइसकेको छ ।

राष्ट्र बैंक निर्देशन विपरीत शाखा कार्यालयबाट भएका कार्यका कारण ऋणी तथा बचतकर्तालाई परेको असर अनुगमन गरी नियम विपरीत बढी रकम असुल गरिएको भए सम्बन्धित ग्राहकको खातामा फिर्ता गर्न निर्देशन दिनुपर्ने समितिको सुझाव छ । जुनसुकै प्रयोजनमा लिएको कर्जाको परियोजनाको बीमा नभई ऋणीको तथा निजको श्रीमान/श्रीमतीको मात्र बीमा गरिएको कारण परियोजनामा कुनै दुर्घटना घटी असर गर्दा कर्जा तिर्न नसक्ने अवस्था देखिएको समितिले बताएको छ ।

यस्तोमा सम्बन्धित परियोजनाको अनिवार्य बीमा गर्ने तथा जीवन बीमाका हकमा समेत प्रवाहित कर्जाका आधारमा प्रतिग्राहक अधिकतम १ लाखको सीमा कायम गर्ने व्यवस्था गर्न सुझाव दिएको छ । विपन्न तथा न्यून आय भएको व्यक्तिको परिभाषा स्पष्ट गरी लघुवित्तका ग्राहक यकिन गर्नुपर्ने अध्ययन समितिको सुझाव छ । सामूहिक जमानी बाहेक अर्को मोडेलमा समेत विनाधितो कर्जा उपलब्ध गराउन सकिने सम्बन्धमा आवश्यक नीतिगत व्यवस्थाका लागि राष्ट्र बैंकले अध्ययन गर्नुपर्ने सिफारिस समितिले सुझाव दिएको हो ।

राष्ट्र बैंकले लघुवित्तका कर्मचारीका आचरण तथा संस्थागत आन्तरिक नियन्त्रण प्रणालीमा सुधार गर्न संस्थाका आन्तरिक लेखापरीक्षण प्रभावकारी बनाउने, लेखापरीक्षण समितिलाई थप क्रियाशील बनाउनुपर्ने सुझाव दिएको छ । लघुवित्तले कर्जा दिँदा बीमा तथा सेवा शुल्क र कर्जा सूचनाको शुल्कबाहेक सबै रकम ऋणीलाई उपलब्ध हुने सुनिश्चितता गर्नुपर्ने, समस्यामा परेका ऋणीलाई निश्चित अवधिसम्म कालोसूचीमा नराख्ने व्यवस्था गर्न सिफारिस गरेको छ । लघुवित्तले सदस्यहरूलाई पासबुकको समेत व्यवस्था गरी निजहरूसँग गरिने कारोबार नियमित संस्थाको प्रणालीमा अद्यावधिक गर्नुपर्ने व्यवस्था गर्न सुझाव दिएको छ ।

समय अगावै एकमुष्ठ रकम बुझाई कर्जा चुक्ता गरे कम्तीमा एक महिनासम्म उक्त ऋणीलाई सोही संस्थाबाट कर्जा प्रवाह गर्न रोक लगाउनुपर्ने, समस्यामा परेका ऋणीलाई ग्राहक संरक्षण कोष वा अन्य कोषबाट कर्जा उपलब्ध गराउन सक्ने व्यवस्था गर्न समितिको सुझाव छ । लघुवित्तलाई सहरी क्षेत्रमा शाखा स्थापना गर्न रोक लगाइ आवश्यकता अनुसार अन्तरसंस्थाका शाखा मिलान गरी लघुवित्तको उपस्थिति व्यवस्थापन गर्न समेत समितिले सुझाव दिएको छ । राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत लघुवित्तको शाखा खरिद-बिक्री गरी मिलान गर्न सक्ने व्यवस्था गर्ने घोषणा गरिसकेको छ ।

एकतिहाइ कर्जा धितोमा लगानी गर्न सक्ने व्यवस्थालाई एक चौथाइ बनाउनुपर्ने, बैंकले विपन्न वर्गमा ५ प्रतिशत कर्जा लगानी गर्नुपर्ने व्यवस्थालाई घटाउँदै लैजाने, एक बैंकले कुनै एक लघुवित्तलाई निश्चित रकम मात्रै सापटी प्रदान गर्ने व्यवस्था गर्न सुझाव दिएको छ । कम पूँजी भएका लघुवित्तलाई मर्जर तथा प्राप्तिमा जान अभिप्रेरित गर्न सुझाव दिएको हो ।

### लघुवित्तबाट मात्रै लघुवित्त कारोबार गर्ने व्यवस्था हुनुपर्छ

अध्यन समितिले राष्ट्र बैंकबाट स्वीकृति प्राप्त वित्तीय संस्थाबाट बाहेक लघुवित्त कार्यक्रमका नामबाट अन्य कुनै पनि संस्थाले लघुवित्त सम्बन्धी कारोबार गर्न नपाइने व्यवस्था सरकारले गर्नुपर्ने सुझाव दिएको छ ।

बचत तथा ऋण सहकारी संस्थाबाट प्राप्त कर्जा तथा मिटर ब्याजीबाट लिएको कर्जाका कारण लघुवित्त वित्तीय संस्थाका ऋणीलाई कठिनाइ भएको समितिले उल्लेख गरेको छ ।

बचत तथा ऋण सहकारी संस्थाबाट हुने वित्तीय कारोबारलाई नियमित गर्ने तथा मिटर ब्याजीबाट हुने वित्तीय कारोबार पूर्ण प्रतिबन्ध गर्न सरकारले कदम चाल्नुपर्ने समितिको सुझाव छ ।

*(स्रोत: अनलाइनखबर)*

# राजेश हमालको कमब्याक फिल्मको नाम 'नरसिंहा: अवतार'

काठमाडौं/सुपरस्टार राजेश हमालको 'कमब्याक' फिल्मको शीर्षक घोषणा गरिएको छ । बिहीबार एक थिम पोस्टरमार्फत् शीर्षक सार्वजनिक गरिएको हो । फिल्मको नाम 'नरसिंहा: अवतार' राखिएको छ । शीर्षकले नै फिल्म एक्सन प्रधान रहने बुझाउँछ । पोस्टरको एउटा भागमा निलो (समुद्रको रङ) र अर्कोतर्फ आगोको ज्वाला देख्न सकिन्छ । यसले फिल्मको कथा युद्ध र शान्तिको हुने संकेत गर्छ ।




हिन्दु धर्मका अनुसार नर सिंहा भगवान विष्णुको चौथो अवतार हो । यसलाई विष्णुको रौद्र रुप मानिन्छ । दैत्यराज हिरण्यकश्यपको बध गर्न र भक्त प्रह्लादको उदार गर्नका लागि विष्णु भगवानले नर सिंहा अवतार धारण गरेका थिए । उनको आधा शरीर सिंहको र आधा मानिसको थियो । त्यसपछि विष्णुले हिरण्यकश्यपको बध गरेका थिए । फिल्ममा हमालको नाम नरसिंहा रहने बुझिएको छ ।

यो फिल्मको निर्देशन दीवाकर भट्टराईले गर्नेछन् । उनले यसअघि 'ऐश्वर्य', 'क्याप्टेन', 'मायावी', 'स्टुपिड मन' जस्ता फिल्मको निर्देशन गरिसकेका छन् । क्रिएटिभ सिने आर्ट प्रालिको प्रस्तुतिमा बन्न लागेको फिल्मको लगानी अनुमानित तीन करोड हुने बताइएको छ । यो फिल्ममा हमालका साथै अभिनेता राज कटुवालको पनि अभिनय रहनेछ । आगामी भदौबाट फिल्मको छायांकन सुरु गरिँदैछ ।

हमालले पछिल्लोपटक मुख्य भूमिकामा अभिनय गरेको फिल्म 'शकुन्तला' थियो, जुन सन् २०१६ मा रिलिज भएको थियो । यसको असफलतापछि उनले अफर आएका दर्जनौं फिल्म अस्वीकार गरे । कमब्याकका लागि उनले 'सत्यम्' र 'मायाको माया' गरी दुई फिल्म सम्झौता गरेको भए पनि ती निर्माण भएनन् । अब दीवाकरको फिल्मबाट हमालको करिअरको दोस्रो 'इनिङ्स' सुरु हुँदैछ ।

# अब महिला भलिबलमा पनि फ्रेन्चाइज लिग

काठमाडौं/नेपालमा महिला भलिबलको फ्रेन्चाइज लिग हुने भएको छ । इन्फिनिटी ड्रिम्स नामक कम्पनीले महिला भलिबलमा ६ टिम सहभागी गराएर फ्रेन्चाइज लिग गर्न लागेको हो । मिति घोषणा हुन बाँकी रहेको लिगका लागि बिहीबार ६ टिमको मालिकको नाम सार्वजनिक गरिएको छ ।

जसमा विभिन्न शहरलाई आधारित रहेर टिम तयार पारिएको छ । लिगमा उपत्यका भित्रबाट काठमाडौं र ललितपुरको टिम हुनेछ भने गण्डकी, चितवन, मधेश र कर्णाली क्षेत्रलाई आधार बनाएर बाँकी टिम बन्नेछ । मधेशले आफ्नो टिमको नाम मधेश युनाइटेड सार्वजनिक गरिसकेको छ ।

इन्फिनिटी ड्रिम्सले महिला फ्रेन्चाइज लिगका लागि नेपाल भलिबल संघसँग ७ वर्षको लागि सम्झौता गरिसकेको छ । इन्फिनिटी ड्रिम्सका प्रवन्ध निर्देशक आमिर अख्तरले भलिबलको फ्रेन्चाइज लिग दक्षिण एसियामै पहिलो पटक नेपालमा हुन लागेको दाबी गरे ।

छिमेकी भारतमा पुरुषको फ्रेन्चाइज लिग हुँदै आएको छ । सन् २०१९ मा प्रो भलिबल लिगको रुपमा सुरु भएको उक्त लिग सन् २०२२ मा रुपे प्राइम भलिबलको नामबाट हुँदै आएको छ । भलिबल नेपालको राष्ट्रिय खेल हो र पछिल्लो समय डोमेस्टिक र अन्तर्राष्ट्रिय प्रतियोगितामा पाएको सफलताका कारण भलिबलको क्रेज बढिरहेको छ । हालै नेपाल भलिबल संघले काभा वुमन्स नेसन्स लिगको सफल आयोजना गऱ्यो । नेपाल, भारत, इरान, श्रीलंका र माल्दिभ्स सहभागी लिगको उपाधि भारतले जित्यो भने नेपाल उपविजेता बन्यो ।

फ्रेन्चाइज लिगले नेपाली भलिबलमा व्यवसायिकताको सुरुवात हुने नेपाल भलिबल संघका अध्यक्ष जितेन्द्र बहादुर चन्दले बताए । 'फुटबल क्रिकेट जस्तो भलिबल महँगो खेल होइन । त्यसैले थोरै ठाउँमा पनि यो खेल सहज रुपमा खेल्न सकिन्छ', उनले भने । पहिलो संस्करणको एभरेष्ट वुमन्स भलिबल लिग राउण्ड रोवबनको आधारमा हुनेछ । लिगको बाँकी मोडालिटीबारे भने केही सार्वजनिक गरिएको छैन ।

आयोजकले यसअघि हुँदै आएको अन्य फ्रेन्चाइजी मोडलकै आधारमा यो लिग गर्ने जनाएको छ । टिम निर्माणका लागि खेलाडी ड्राफ्ट गर्ने तयारी छ । हरेक टिममा १२ खेलाडी हुनेछन् । जसमा ९ नेपाली र ३ विदेशी खेलाडी रहने आयोजकले जनाएको छ । नेपाली खेलाडीमध्ये एक जना मार्की प्लेअर हुनेछ भने एक जना हरेक टिमले स्थानीय स्तरबाट टयालेन्ट हन्ट गरेर राख्नुपर्नेछ ।

नेपाली खेलाडीलाई तीन समूहमा बर्गीकरण गरेर ड्राफ्ट गरिनेछ । केही दिनपछि नै खेलाडी ड्राफ्ट गरिने आयोजकले जानकारी दिएको छ । समूह ए का खेलाडीले १ लाख ५० हजार, समूह बी का खेलाडीले १ लाख र समूह सी का




खेलाडीले नगद ५० हजार रुपैयाँ पाउने गर्ने इन्फिनिटी ड्रिम्सका प्रवन्ध निर्देशक अख्तरले जानकारी दिए ।

यो सुरुवात भएकाले विस्तारै खेलाडीको रकम बढाउदै लैजान सकिने नेपाल भलिबल संघका अध्यक्ष जितेन्द्र बहादुर चन्दले बताए । 'फुटबल क्रिकेटमा धेरै पैसा छ । तर भलिबलको कथा अली फरक छ । यो खेललाई बचाउनुपर्छ, सुरुमै धेरै खोज्यो भने गाह्रो हुन्छ । लामो समयको योजना बनाएर यसलाई स्थायी बनाउने लक्ष्य छ',उनले भने ।

### उत्सहित फ्रेन्चाइज टिम मलिकहरु

भलिबलको फ्रेन्चाइजका लागि विभिन्न कर्पोरेट क्षेत्रका व्यक्तिहरुले टिमको स्वामित्व लिएका छन् । टिम काठमाडौंको स्वामित्व शरद कृष्ण टिबडवालाले लिएका छन् भने अनुज एम तिमिल्सिना, अनोज रिमाल र विरोचन खनाल (कोरसिंक नेपाल) ले टिम ललितपुरको स्वामित्व लिएका छन् ।

यस्तै टिम मधेशको मालिक रोहित र विशाल अग्रवाल छन् । निम्बस होल्डिङ्गसले टिम चितवन तथा सौरभ केडियाले टिम गण्डकीको स्वामित्व लिएका छन् । टिम कर्णालीको स्वामित्व राजेश बगडिया र प्रतिक अधिकारीले लिएका छन् । टिम काठमाडौंकी प्रतिनिधित्व गरेकी सुदिक्षा अधिकारीले महिला फ्रेन्चाइज लिगलाई लिएर एकदमै उत्सहित भएको बताइन् । टिम मधेशका रोहित अग्रवालले आफ्नो क्षेत्रमा धेरै युवा ट्यालेन्टहरु रहेको र यस लिगमार्फत उनीहरुलाई अवसर दिने बताए ।

फ्रेन्चाइज लिग हुने भएपछि नेपाली खेलाडीहरु पनि उत्सहित छन् । नेपाली राष्ट्रिय टिमकी स्पाइकर उषा भण्डारीले क्रिकेट र फुटबलमा फ्रेन्चाइज लिग हुँदा खेलाडीलाई धेरै फाइदा पुगेको भन्दै अब भलिबल खेलाडीलाई पनि राम्रो हुने आशा व्यक्त गरिन् । 'नेपालमा नेशनल टिम र विभागबाट मात्र खेलेको छु । अब नयाँ आइरहेका खेलाडीसँग र नयाँ टिमबाट खेल्न पाइन्छ', उनले भनिन् ।

### क्रिकेट र फुटबलपछि भलिबलको फ्रेन्चाइज लिग

यसअघि नेपालमा क्रिकेट र फुटबलको फ्रेन्चाइज लिग भइसकेको छ । भलिबलमा पुरुष र महिला दुवैको फ्रेन्चाइज लिग आयोजना गर्नका लागि नेपाल भलिबल संघले दुई फरक कम्पनीसँग सम्झौता गरि सकेको छ । नेपालमा नेपाल क्रिकेट संघ (क्यान) आईसीसीको निलम्बनमा रहँदा एभरेष्ट प्रिमियर लिग (ईपीएल) धनगढी प्रिमियर लिग (डीपीएल) र पोखरा प्रिमियर लिग (पीपीएल) गरी तीनवटा फ्रेन्चाइज लिग आयोजना भएको थियो । जसले क्रिकेट खेलाडीहरुका लागि राम्रो अवसर प्रदान गरेको थियो ।

आईसीसीबाट क्यानको निलम्बन फुकूवा भएपछि ती तीनवटै लिग हुन सकेको छैन । क्यान आफैंले नेपाल टी-२० लिगको नाममा फ्रेन्चाइज लिग आयोजना गरेको थियो । तर भारतीय कम्पनीसँग मिलेर गरेको उक्त लिग विवादमा परेको थियो ।

यस्तै नेपाल स्पोर्ट्स एण्ड इभेन्ट म्यानेजमेन्ट (एनएसइएम)ले अखिल नेपाल फुटबल संघसँग सहकार्य गरी दुई संस्करण नेपाल सुपर लिग आयोजना गरिसक्केको छ । भलिबलको फ्रेन्चाइज लिग गर्न लागेको टिमले नै विगतमा जोहरा इन्टरनेशनलको नामबाट एभरेष्ट प्रिमियर लिग (ईपीएल) आयोजना गरेको थियो । महिला भलिबलको फ्रेन्चाइज लिग दशैं अघि नै गर्ने तयारी छ । 'हामी केही दिनमै मिति र पुरस्कार राशी पनि घोषणा गर्नेछौं', अख्तरले भने ।

*(स्रोत: अनलाइनखबर)*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# जिल्लास्तरीय वक्तृत्वकलामा कुसुम प्रथम



साझाकुरा संवाददाता

हेटौंडा, २४ साउन/ हेटौंडा उपमहानगरपालिका-२, स्थित नमूना प्रगति बचत तथा ऋण सहकारी संस्थाले आफ्नो २७ औं स्थापना दिवसको अवसरमा जिल्लास्तरीय माध्यमिक तह वक्तृत्वकला प्रतियोगिता आयोजना गरेको छ ।

प्रतियोगितामा हेटौंडाको जेनिथ ईङ्लिस बोर्डिङ स्कुलकी छात्रा कुसुम खड्का प्रथम भएकी छिन् । बिहीबार हेटौंडामा भएको प्रतियोगितामा बालजागृति ईङ्लिस बोर्डिङ स्कुलकी छात्रा देविना सञ्जेल, हेटौंडा क्याम्पसकी छात्रा सुशीला तामाङ र भुटनदेवी माविका छात्र सिद्धान्त फुयाल क्रमश: द्वितीय, तृतीय र सान्त्वना भएका थिए । 'आर्थिक समृद्धिमा सहकारीको भूमिका' विषयक वक्तृत्वकला प्रतियोगितामा जिल्लास्थित विभिन्न विद्यालयका २७ छात्रा र ११ छात्र गरी ३८ जना सहभागी भएका थिए ।

साहित्य संगम मकवानपुरको व्यवस्थापनमा भएको प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय, सान्त्वना स्थान हासिल गर्नेलाई छात्रवृत्ति स्वरुप क्रमश: नगद ५ हजार, ३ हजार, २ हजार, १ हजार र प्रमाणपत्र प्रदान गरिएको थियो । सहकारी संस्थाका अध्यक्ष मीठाराम दाहालको अध्यक्षतामा भएको कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका सञ्चालक बद्रीप्रसाद लम्सालको प्रमुख आतिथ्यता रहेको थियो ।

लम्सालले विद्यालय तहदेखि नै सहकारी शिक्षा आवश्यक भएको बताए । लम्सालले राष्ट्रको आर्थिक समृद्धिमा सहकारी संघ संस्थाको महत्वपूर्ण भूमिका रहेको बताए । सहकारी संस्थाका सञ्चालक अर्पण पराजुलीले सञ्चालन गरेका कार्यक्रममा संस्थाका उपाध्यक्ष एवम् बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठले स्वागत गरेका थिए ।

कार्यक्रममा जिल्ला बचत तथा ऋण सहकारी संघ मकवानपुर अध्यक्ष एवम् प्रतियोगिताकी निर्णायक संयोजक कल्पना श्रेष्ठ, हातेमालो बचत तथा ऋण सअकारी संस्था हेटौंडाका अध्यक्ष हरिप्रसाद पौडेल, राष्ट्रिय सहकारी बैंक बागमती प्रदेशप्रमुख रामेश्वर अर्याल, साहित्य संगम मकवानपुरका अध्यक्ष डि.बि. बर्तौला, सचिव मनोज पोखरेल, नेफ्स्कुन फिल्ड कार्यालय हेटौंडाका ईन्चार्ज बिदुर खड्का, निर्णायकहरु सुवास खनाल, बिश्वनाथ सञ्जेलगायतको आतिथ्यता रहेको थियो ।

सहकारी संस्थाले हरेकवर्ष साउन २४ गते स्थापना दिवसको अवसरमा बिभिन्न रचनात्मक कार्यक्रम सञ्चालन गर्नेक्रममा यो वर्ष माध्यमिक तह विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता आयोजना गरिएको संस्थाका ब्यवस्थापक बद्रीप्रसाद भण्डारीले बताए । सहकारीको हेटौंडा उपमहानगरपालिकासहित बकैया गाउँपालिका र मकवानपुरगढी गाउँपालिका कार्यक्षेत्रमा २ हजार ५ सय ९२ जना सदस्य छन् ।

# हेटौंडाको स्वास्थ्यसामग्री भण्डारण भवन हस्तान्तरण

साझाकुरा संवाददाता

हेटौंडा, २४ साउन/ हेटौंडामा सेभ द चिल्ड्रेनद्वारा ग्लोबल फण्ड अनुदानबाट निर्माण भएको स्वास्थ्यसामग्री भण्डारण भवन बागमती प्रदेश सरकारलाई हस्तान्तरण गरिएको छ ।

बागमती प्रदेश सरकारको तर्फबाट स्वास्थ्यमन्त्री किरण थापाले भवनको जिम्मेवारी लिए । अन्तराष्ट्रिय दातृ निकाय सेभ द चिल्ड्रेनले ३ करोड २८ लाख रुपैयाँको लागतमा स्वास्थ्यसामग्री भन्डारण भवन निर्माण गरेको हो । सेभ द चिल्ड्रेन नेपालकी निर्देशक तारा क्षेत्रीले औपचारिकरुपमा भवन प्रदेश सर कारलाई हस्तान्तरण गरेकी हुन् । सरकारी स्वामित्वको ४७० वर्ग मिटर क्षेत्रफलमा भवन निर्माण गरिएको हो ।

मन्त्री थापाले नागरिकको गुनासो सम्बोधन गर्दै विकटक्षेत्रमा सरकारका सेवासुविधा र गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचवृद्धि गर्नुपर्ने चुनौती रहेको बताए । नागरिकको आवश्यकताका आधारमा तीन तहको सरकारसँगको समन्वयमा स्वास्थ्य उपचार सेवालाई गुणस्तरीय बनाउन गम्भीर हुनुपर्ने अवस्था रहेको उनको भनाइ थियो । कार्यक्रममा सेभ द चिल्ड्रेन नेपालकी राष्ट्रिय निर्देशक क्षेत्रीले स्वास्थ्यसेवा आपूर्तिलाई सुदृढ बनाउनुका नवनिर्मित भवन उपयोगी हुने बताइन् ।

नवनिर्मित भवनमा अपांगता-मैत्री, सीसीटीभी क्यामरा निगरानी, फायर अलार्म प्रणालीयुक्त र चौबिसै घण्टा सौर्यउर्जा ब्याकअप प्रणाली जडित रहेको छ । सेभ द चिल्ड्रेन नेपालका सञ्चार तथा मिडिया निर्देशक आयुष श्रेष्ठ जोशीका अनुसार २०८० चैत ४ गतेवाट निर्माण सुरु गरिएको भवनको निर्माण ३ महिनामा सकिएको थियो ।

हाइटेक डेभलपर्स भरतपुरले ठेक्का सम्झौता गरेको ३ महिना (२०८१ असार) मा नै निर्माण सम्पन्न गरी भवन हस्तान्तरण गरेको उनले जानकारी दिए ।

# कांग्रेस बागमती प्रदेशको प्रश्न: पार्टीभित्र संघीयता खोइ ?

साझाकुरा संवाददाता



हेटौंडा, २४ साउन/ नेपाली कांग्रेसका बागमती प्रदेश सभापति ईन्द्रबहादुर बानियाँसहित सात प्रदेशका सभापतिहरुले केन्द्रले प्रदेशलाई बेवास्ता गरेको भन्दै पार्टी बैठकमा गुनासो पोखेका छन् ।

बुधबारबाट सुरु भएको केन्द्रीय समितिको बैठकमा बिहीबार आमन्त्रित सदस्यका रुपमा सात प्रदेशका सभापतिलाई बोल्न दिइएको थियो । 'संघ नीति बनाउने, प्रदेश विकास गर्ने संरचना हो । स्थानीय तह कार्यान्वयन गर्ने संरचना हो । यसअनुसार कांग्रेसले बुझ्न सकेन,' बागमती प्रदेशका सभापति बानियाँले पार्टी बैठकमा भने । बानियाँसहित प्रदेश सभापतिहरु उद्धव थापा, कृष्ण यादव, शुक्रराज शर्मा, अमरसिंह पुन, ललितजंग शाही र बीरबहादुर बलायरले संघीयता अनुसार प्रदेश कार्यसमितिको भावना पार्टीले बुझ्न नसकेको गुनासो गरेका हुन् ।

पार्टी संरचनामा प्रदेश समितिलाई भूमिकाविहीन बनाइएको उनीहरुको चिन्ता थियो । १५ भदौदेखि प्रस्तावित १०० दिने सांगठनिक अभियानको प्रदेश संयोजन गर्न पनि सहमहामन्त्रीलाई दिने भए आफ्नो भूमिका कहाँ हुने ? भन्दै उनीहरुले चासो ब्यक्त गरे । प्रदेशमा मन्त्री बनाउँदा सम्बन्धित समितिलाई बेवास्ता गरिएको उनीहरुले बताएका छन् । प्रदेशसभापतिहरुले प्रदेश समितिलाई बोधार्थ कार्यालयका रुपमा मात्रै पार्टीले प्रयोग गरेको बताए ।

केन्द्रीय सदस्य मोहन बस्नेतले नक्कली भुटानी शरणार्थी र गिरीबन्धु टी-इस्टेट प्रकरणमा दुई महामन्त्री बोलेको भन्दै आपत्ति जनाए । महामन्त्री गगन थापा र विश्वप्रकाश शर्माले ती प्रकरणबारे बोल्दा गठबन्धनलाई अफ्ठ्यारो पर्न सक्ने बताए । उनले भने, 'महामन्त्रीहरुले शेरबहादुर देउवा प्रधानमन्त्री नबनुन् भन्ने सोच राखेर यस्तो बोल्दैछन् । यस्तो हर्कतलाई रोक्नुपर्छ ।,'

# कार्यसम्पादनमा मकवानपुर प्रशासनलाई पाचौं वरियता

साझाकुरा संवाददाता

हेटौंडा, २४ साउन/ मकवानपुर जिल्ला प्रशासन कार्यालय कार्यसम्पादन मूल्यांकनमा पाचौं उत्कृष्ट भएको छ । मकवानपुरसहित ५७ वटा जिल्ला प्रशासन कार्यालयले ९० भन्दा बढी अंक ल्याएका छन् ।

गृह मन्त्रालयले गत आर्थिक वर्ष २०८०/८१ मा गरेको कामका आधारमा गरेको मूल्यांकनमा १८ वटा जिल्ला प्रशासन कार्यालयले ९५ र सो भन्दा बढी अंक पाएका छन् । कार्यसम्पादन मूल्यांकन सम्झौता बमोजिम मूल्यांकन गर्दा जिल्ला प्रशासन कार्यालयहरुले ७६ दशमलव २५ देखि ९८ अंकसम्म पाएको मन्त्रालयले जनाएको छ । कार्यालयमध्ये जिल्ला प्रशासन कार्यालय रुपन्देही ९८ अंक ल्याएर पहिलो स्थानमा छ भने जिल्ला प्रशासन कार्यालय सिरहा ७६ दशमलव २५ अंकसहित अन्तिम स्थानमा छ ।

रुपन्देहीसहित पाल्पा, बाग्लुङ, रुकुम पश्चिम, मकवानपुर, पर्वत, गुल्मी, तेह्रथुम र सोलुखुम्बु उत्कृष्ट १० को सूचीभित्र परेका छन् । मकवानपुरले पाँचौ वरियता कायम गर्दा ९७ दशमलव ३७५ अंक प्राप्त गरेको छ ।

मकवानपुर भन्दा अगाडि पाल्पा, बाग्लुङ, रुकुम पश्चिम छन् । केन्द्रीय राजधानी रहेको काठमाडौंको २१ र उपत्यकाकै ललितपुर १२ औं तथा भक्तपुरले २० औं वरियता बनाएको छ ।

# कक्षा १२ उत्तीर्ण वडाध्यक्ष खनाललाई गाउँपालिकाको सम्मान

साझाकुरा संवाददाता



हेटौंडा, २४ साउन/ मकवानपुरको पश्चिमीक्षेत्रस्थित मनहरी गाउँपालिकाले कक्षा १२ उत्तीर्ण भएका आफ्ना वडाअध्यक्षलाई सम्मान गरेको छ ।

१ नम्बर वडाध्यक्ष ५२ वर्षीय शिवप्रसाद खनाललाई बिहिबार एक कार्यक्रमबीच गाउँपालिकाले सम्मान गरेको हो । पढाईलाई उमेरले छेक्दैन भन्ने उदाहरण बनेका वडाअध्यक्ष खनालले केहीसमय अघि सार्वजनिक कक्षा १२ को परीक्षाफलमा २.४१ जिपिए प्राप्त गरी उत्तीर्ण भएका थिए । सम्मान कार्यक्रममा गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले वडाअध्यक्ष खनाल सबैका लागि प्रेरणाका पात्र रहेको बताए ।

उनको मिहिनेतले गाउँपालिकालाई राष्ट्रिय रुपमा चिनाउन सफल भएको भन्दै अध्यक्ष कालाखेतीले धन्यवाद दिए । कार्यक्रममा सम्पूर्ण कार्यपालिका परिवार र कर्मचारीहरुले वडाअध्यक्ष खनाललाई खादा र अबिरले सम्मान गरेका थिए । महरी गाउँपालिकाले शिक्षा र स्वास्थ्य क्षेत्रमा बिशेष चासोका साथ काम गरिरहेकोले यो उदाहरणले पनि शिक्षामा मनहरीको पहल सकारात्मक यात्रामा रहेको संकेत गर्ने बताइएको छ ।

# बागमतीको ८४८ विद्यालयमा पुग्यो 'एक विद्यालय एक नर्स' कार्यक्रम



साझाकुरा संवाददाता

हेटौंडा, २४ साउन/ बागमती प्रदेशको ८४८ विद्यालयमा 'एक विद्यालय एक नर्स' कार्यक्रम पुगेको छ । प्रदेश सरकारले गत आर्थिक वर्ष २०८०/८१ मा ३ सय २९ जना विद्यालय नर्स थप गरेको हो ।

यसअघि प्रदेशका ५ सय १९ विद्यालयमा एक विद्यालय एक नर्स कार्यक्रम लागू भएको थियो । प्रदेश सरकारको महत्वपूर्ण कार्यक्रमका रुपमा आर्थिक वर्ष २०७५/७६ मा २० ओटा विद्यालयबाट परीक्षणको रुपमा सुरु भएको एक विद्यालय एक नर्स कार्यक्रम प्रदेशका ८ सय ४८ ओटा विद्यालयमा लागू भएको बागमती प्रदेश स्वास्थ्य मन्त्रालय अन्तर्गतको स्वास्थ्य निर्देशनालयका प्रवक्ता सतिश विष्टले जानकारी दिए ।

बागमती प्रदेशका ८ सय ४८ विद्यालयमध्ये सबैभन्दा धेरै काठमाडौं जिल्लाका १ सय ८ विद्यालयमा विद्यालय नर्स कार्यक्रम लागू भएको छ । मकवानपुरमा यसवर्ष १८ विद्यालयमा विद्यालय नर्स कार्यक्रम थप भएको छ । यसअघि मकवानपुरका ४४ विद्यालयमा यो कार्यक्रम लागू भएको थियो ।

कक्षा १२ सम्म सञ्चालन भएका प्रदेशका १३ ओटै जिल्लामा रहेका माध्यमिक विद्यालयमा यो कार्यक्रम लागू गरी विद्यालय तहदेखि नै बालबालिकामा स्वस्थ्य जीवनशैलीको विकास गर्ने लक्ष्य राखेर यो कार्यक्रम ल्याएको प्रवक्ता विष्टले बताए । प्रवक्ता विष्टले आर्थिक वर्ष २०८०/८१ मा छनोट भएका ३ सय २९ जना विद्यालय नर्सहरुलाई अभिमुखीकरण तथा नियुक्तिपत्र प्रदान गर्ने कार्य भइरहेको जानकारी दिए ।

पहिलोचरणमा मंगलबार चितवनका लागि छनोट भएका ५० जना विद्यालय नर्सलाई अभिमुखीकरण गरिएको र बुधबार मकवानपुर र सिन्धुलीका विद्यालय नर्सलाई अभिमुखीकरण गरिएको उनले बताए । छनोट भएका बाँकी विद्यालय नर्सको साउन २६ गतेसम्म काठमाडौंमा अभिमुखीकरण हुने निर्देशनालयका प्रवक्ता विष्टले बताए ।












साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना